खण्ड: १ संख्या: १ मिति: २०७४।०३।१६

महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ सङ्ख्या: १ मिति: २०७४।०३।१६

## भाग १

महाभारत गाउँपालिका

## महाभारत गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले महाभारत गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम महाभारत गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन महाभारत गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले महाभारत गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले महाभारत गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले महाभारत गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

महाभारत गाउँपालिका राजपत्र

ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त महाभारत गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही महाभारत गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले

विर बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

महाभारत गाउँपालिका राजपत्र